# माओवादीको एकतर्फी युद्धविरामको समयमा गोरखा जिल्लाका विभिन्न ठाउँमा भएका घटनाको स्थलगत अध्ययन प्रतिवेदन


## सारांश

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको गोरखा जिल्लामा सुरक्षाफौजकातर्फबाट श्रृङ्खलाबद्ध रुपमा भएका तीनवटा र माओवादी पक्षबाट युद्धविरामको घोषणा हुनुभन्दा दुई दिन अगाडि भएको एउटा गरी जम्मा चार वटा हत्याका घटनाहरुहरुका सम्बन्धमा यस प्रतिवेदनमा उल्लेख गरिएको छ ।

गाँखु गाविस, गोरखाको सानोटार क्षेत्रमा २०६२ भदौ १६ गते बिहान अंदाजी पौने पाँच बजेको समयमा रमा उपनामकी माओवादी कार्यकर्ता सुनिता रम्तेललाई सादा पोसाकमा गस्तीमा रहेका सुरक्षाफौजले गिरफ्तार गर्‍यो । त्यसपछि उनलाई दुई गोली प्रहार गरी मारिएको र सोही घटनामा अर्को एकजना भाग्न सफल भएको पाइयो ।

यो प्रतिवेदनमा समेटिएको दोश्रो घटनाका प्रत्यक्षदर्शीहरुका अनुसार जौबारीमा २०६२ साल भदौ २६ गते बिहान साढे ६ बजेतिर बाखालाई उन्नत जातको बोका लगाउन श्रीनाथकोट गाविसको गोहोरेतिर जाँदै गर्दा घर नजिकै खेतको पुछारमा पर्ने बाटो र महवीर खोलाको डिलको बीचमा नवराज थपलियाको हत्या गरिएको पाइयो । जग्गा सम्बन्धी पारिवारिक विवादका कारण घटनामा मृतकका दाजु श्रीकृष्ण थपलिया, उनका जेठो छोरा जयराम भन्ने यादव थपलिया, साईलो छोरा सुदर्शन थपलिया र नातासम्बन्ध भित्रैका एकजना माओवादी कार्यकर्ता समेतको संलग्नता रहेको बताइन्छ । घटनामा माओवादीहरुबाट मानवीय कानुनको गंभीर उल्लंघन भएको प्रष्ट देखिन्छ ।

पन्द्रुङ गाविस वडा नं. ८ तीनखण्डेमा २०६२ भदौ ३० गते राती अंदाजी पौने एघार बजेको समयमा तीनखण्डेको पैरेमा गोली चलेको सुनियो । मिति २०६२ भदौ ३० गते साँझ अं. ६ बजेतिर बिजुला बञ्जाराको माइती घर पन्द्रुङ गाविस वडा नं. ९ राम्चेबाट घर  तान्द्राङ्ग गाविस वडा नं. ९ काहुले जान भनी हिंडेका तान्द्राङ्ग गाविस वडा नं. ९ काहुले घर भएका बिजुला बञ्जारा र कल्पना बञ्जारा गरी २ जना महिला मारिए । घटनास्थलको प्रकृति र प्रत्यक्षदर्शीले देखेको लासको प्रकृति र भनाई अनुसार उनीहरुको मृत्यु मुठभेडमा भएकोमा टोली विश्वस्त हुने अवस्था  देखिएन ।

खरिबोट दोबाटा घटनाका सम्बन्धमा प्रत्यक्षदर्शीको भनाई अनुसार सन्तोष उपनाम गरेका शम्भु थापामगर, सुरज उपनामका एकजना र नाम नखुलेका एक जना गरी ३ जना मिति २०६२ भदौ ३१ गते घ्याच्चोक गाविस तिरबाट लम्जुङ जिल्लाको विचौरतर्फ जाँदै गरेका सन्तोष उपनाम गरेका शम्भु थापामगर, सुरज उपनामका एकजना र नाम नखुलेका एक जना गरी निशस्त्र ३ जनालाई बिहान करिव १० बजेको समयमा दमारा जंगलमा गाई भैंसी पाल्ने गोठमा पुगी दही किनेर खाई त्यहाँबाट उकालो चढ्दै गर्दा घ्याच्चोक बारपाकतिरबाट आएको सुरक्षाफौजले घेराहाली सहजै रुपमा समात्न सक्ने परिस्थिति हुदाँहुँदै गोली चलाउँदा दुई जना निशस्त्र माओवादी कार्यकर्ताको घटनास्थलमा नै मृत्यु भएको थाहा हुन आएको छ । त्यही क्रममा एक जना घाईते भइ भाग्न सफल भएको पाइयो ।

पक्राउ गर्न सक्ने अवस्था विद्यमान हुँदाहुँदै हत्या गरिएको पाइएकोले उल्लेख गरिएका मध्ये तीन घटनाहरुमा अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानूनको समेत पूर्णरुपमा उल्लंघन भएको देखिएको छ । मानवअधिकार सन्धि अनुगमन समन्वय समिति उक्त घटनाको छानवीन गरी सुरक्षा कारवाहीमा संलग्न दोषी उपर कारवाही आवश्यक कारवाही चलाउन सम्बन्धित निकायसँग माग गर्दछ । सुरक्षाफौजसमक्ष द्वन्द्वरत पक्ष विरुद्धको कारवाहीमा जेनेभा महासन्धिलाई पूर्णरुपमा पालना गर्न आव्हान गर्दछ । निशस्त्र अवस्थामा रहेका द्वन्द्वरत पक्षहरुलाई पक्राउ गरी हत्या गर्ने कार्य तत्काल रोकिनु जरुरी छ ।



**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**
सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

२०६२ कार्तिक १ गते, काठमाडौं

# Fact-find Report on the Incidents of Grave Human Rights Violation in Gorkha District During the Unilateral Ceasefire


**Summary**

A total of four killing cases, three by the security forces in a series and one by the Maoists just two days before the declaration of unilateral truce, in Gorkha district of Western region of Nepal have been illustrated in this report.

Plain clothe security persons on patrol arrested Maoist cadre Sunita Ramtel alias Rama from Sanotar area of Gankhu VDC in Gorkha district at around quarter to five a.m. on September 1, 2005. She was found killed with two bullets whereas another Maoist cadre managed to escape in the same incident.

According to the eyewitnesses of the next incident included in this report, Navraj Thapaliya was killed in the area between his land and Mahabir River on September 11, 2005 at around half past six in the morning. The victim was heading to Gohore, Shreenathkot VDC from his house. It has been learnt that he was killed following the clash related to land ownerhip within the family. Victim's brother Shree Krishna Thapaliya, his elder son Yadav Thapaliya alias Jayram, his third son Sudarshan Thapaliya and a Maoist cadre (also from within their relation) were involved in the killing. The incident proved the violation of humanitarian law from the Maoists.

At around quarter to eleven at night sounds of firing were heard at Paire of Thinkhande, Pandrung VDC-8 on September 15, 2005. Bijula Banjara and Kalpana Banjara of Kahule, Tandrang VDC-9, who were on their way home from the parental home of Bijula Banjara at Ramche, Pandrung VDC-9, were killed in the incident. Seeing the nature of the incident spot, the nature of dead bodies as seen by eyewitnesses and their saying, the monitoring team could not be assured that they were killed in crossfire.

According to a eyewitness of Dobata, Kharibot incident the security persons who had come from Barpak encircled three unarmed Maoist cadres Sambhu Thapamagar alias Santosh, one person called Suraj and one undisclosed person at Damara Jungle on September 16, 2005 and indiscriminately opened fire at them with all the possibilities of arresting them. Two Maoist cadres were killed whereas one injured managed to escape.

The killings carried out in three incidents mentioned above with every possibility of arresting the victims; there has been grave violation of human rights and humanitarian laws. Human Rights Treaty Monitoring Coordination Committee demands with the concerned security institutions to investigate the incidents and punish the perpetrators. HRTMCC appeals the security force to fully comply with the Geneva Convention while carrying out action against the warring side. It is necessary to put stop on the act of killing unarmed party.



**Human Rights Treaty Monitoring Coordination Committee (HRTMCC)**
**Secretariat INSEC, 18 October 2005**

## पृष्ठभूमि

२०६२ भदौ १८ गतेदेखि नेकपा (माओवादी) ले एकतर्फी रुपमा तीन महिने युद्धविरामको घोषणा गऱ्यो । यस प्रतिवेदनमा नेपालको पश्चिमाञ्चल विकास क्षेत्रको गोरखा जिल्लामा सुरक्षाफौजको कारवाहीमा श्रृङ्खलाबद्ध रुपमा भएका तीनवटा र युद्धविरामको घोषणा हुनुभन्दा दुई दिन अगाडि माओवादीबाट भएको एउटा गरी जम्मा चार हत्याका घटनाहरुका सम्बन्धमा उल्लेख गरिएको छ । ती घटनाहरुका सन्दर्भमा निष्पक्ष छानवीनका लागि विभिन्न क्षेत्रबाट माग भएपछि सत्य-तथ्य पत्ता लगाउन काठमाडौंबाट मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (HRTMCC) को टोलीले घटनास्थल पुगेर स्थलगत अध्ययन गऱ्यो । टोली २०६२ असोज ८ गते घटनास्थलतर्फ प्रस्थान गरेको थियो । टोलीले २०६२ असोज ८ गतेदेखि १५ गतेसम्म घटनाको स्थलगत अध्ययन र विवरण संकलन गरेको थियो । घटना अध्ययनको क्रममा टोलीले प्रत्यक्षदर्शी, स्थानीयबासिन्दा, पीडितका परिवार तथा आफन्तहरू, प्रशासन र सुरक्षा निकाय समेतसँग घटनाका सम्बन्धमा छलफल तथा जानकारी हासिल गरेको थियो ।

### तथ्य संकलनको उद्देश्य

१. घटनाका सम्बन्धमा सत्य-तथ्य पत्ता लगाउने,
२. घटनाको सत्य-तथ्य सहितको प्रतिवेदन तयार गर्ने ।

### तथ्य संकलन पद्धति

१. घटनाका सम्बन्धमा प्रारम्भिक तथ्य संकलन गर्ने
२. घटनाका सम्बन्धमा प्रकाशित सामग्रीको अध्ययन गर्ने
३. घटनास्थलको अवलोकन गर्ने
४. घटनाका प्रत्यक्षदर्शी तथा स्थानीय बासिन्दा, पीडितका परिवार तथा आफन्त र सम्बन्धित अन्य व्यक्तिसँग भेट गरी घटनाको विवरण संकलन गर्ने
५. सुरक्षा निकाय, स्थानीय प्रशासन तथा अन्य सम्बन्धित निकाय र व्यक्तिसँग घटनाका सम्बन्धमा छलफल गरी घटनाको विवरण संकलन गर्ने ।

### तथ्य संकलन टोली

| | | |
|---|---|---|
| १. | लुमासिं विश्वकर्मा | इन्सेक, काठमाडौं |
| २. | बद्रिप्रसाद शिवाकोटी | इन्हुरेड/हिमराईट्स, काठमाडौं |
| ३. | ध्यानवीर राई | कोक्याप, काठमाडौं |
| ४. | भुपेन्द्र खनाल | एडभोकेसी फोरम, पोखरा |
| ५. | भिमलाल श्रेष्ठ | प्रतिनिधि, इन्सेक मानव अधिकार वर्ष पुस्तक, गोरखा |
| ६. | सचिन घिमिरे | नेपाल बार एसोसिएसन, मानवअधिकार परियोजना, पोखरा |

## घटना नं. १
## गाँखु- ८ सानोटार

| | |
|---|---|
| घटनाको मितिः | २०६२ भदौ १६ गते |
| घटना समयः | पौने पाँच बजे |
| घटनास्थलः | गाँखु गाविस वडा नं. ८, सानोटार |
| पीडितः | रमा उपनाम भएकी सुनिता रक्तेल |
| पीडकः | सुरक्षाफौज |

## तथ्य विवरण


घटनाका प्रत्यक्षदर्शीहरुका अनुसार २०६२ भदौ १५ गते सादा पोसाकमा आएका सुरक्षाकर्मीले गाउँमा आइ "हामी माओवादी हौं, हाम्रो साथी रमा कहाँ छिन?" भन्दै सोधखोज गरे । भदौ १६ गते बिहान अंदाजी साढे चार बजेको समयमा पुनः सादा पोसाकमा आएका सुरक्षाकर्मीहरुले "रमा गाउँमा आएकी छन, कहाँ छिन?" भनी सोधेका थिए ।

पौने पाँच बजेतिरको कुरा हो । रमा यही हो भन्ने आवाज आयो । तत्कालै आम्मै भन्ने आवाज आयो । त्यसपछि एउटा गोली चले पछि पुनः आम्मा भन्ने आवाज आयो । त्यसपछि दोस्रो पटक गोली पड्किएको आवाज आयो । गोली चल्दाकै समयमा मान्छे लखेटेको आवाज आएको थियो । अर्की एउटी भागी, हान्न खोजेको गोली नै चलेन भनेर कराएको आवाज सुनियो । त्यसको लगत्तै सुरक्षाफौजले फेरि गाउँमा "रमा आएकी छ" भनी सोधे । पछि सुरक्षाफौजले गाउँलेलाई बोलाइ लाशको पहिचान गर्न लगाए । गाउँलेलाई उनीहरुले सादा कागजमा सहिछाप गर्न लगाई लाश पूर्वतर्फ रहेको खहरे खोलामा गाडे । भदौ १९ गते माओवादीले लाश पुरिएको स्थलमा झण्डा गाडेका थिए ।

## घटनास्थलको विवरण

घटनास्थलको उत्तरमा बारी, दक्षिणमा सानो बाटो, बाटोको करिब ५० मिटर दक्षिणमा केही घरहरु रहेका छन ।  घटनास्थलको पूर्वतर्फ रहेको बारीको करिब १०० मिटरको दुरीमा सार्वजनिक धारा रहेको छ । त्यसभन्दा पूर्वतर्फ घरहरु रहेका छन् । त्यसको करिब ५०० मिटर पूर्वमा खहरे खोला रहेको छ । पश्चिममा रातमाटे जाने बाटो रहेको छ । प्रत्यक्षदर्शीका अनुसार लाश मास छरिएको बारीमा रहेको थियो । उत्तानो अवस्थामा रहेको शवको टाउको उत्तरतर्फ र खुट्टा दक्षिणतर्फ फर्किएको थियो ।

लाशको नजिकमा कालो रंगको भिर्ने व्याग, दुईवटा जि आई पाइपको बम र एउटा जिपलाइट रहेको थियो । मृतक रमा उपनामकी सुनिता रम्तेलको गालामा र निधारमा रगत लागेको थियो । प्रहार गरिएको गोली टाउकाको पछिल्लो भाग घुच्चुकबाट अगाडि निधारतिर निस्किएको थियो । घटना पछि सेनाले लास पूर्वतर्फ रहेको खहरेखोलामा लगि गाडे ।



## घटनाका प्रत्यक्षर्शीहरुको भनाइ

**प्रत्यक्षदर्शी**
गाँखु गाविस-८ सानोटार

भदौ १६ गते बिहान हामी सुतिरहेका थियौं । दुई पटक वन्दुक पड्किएको आवाज आयो । पहिले रमा भन्ने यही हो भन्ने आवाज सुन्ने बित्तिकै आमा भनेर चिच्याएको सुन्यौं । त्यसपछि एक पटक गोली चल्यो । गोली चल्दा पुनः एकचोटी चिच्याएको आवाज आयो । अर्को एक पटक गोली चल्यो । सेनाले त्यसै बेला कसैलाई लखेटेको आवाज आएको थियो । भाग्नेलाई हान्न खोजेको बन्दुक पड्केन भन्दै थिए । त्यसपछि उनीहरुले हामीलाई बोलाए । गाउँलसमेत घटनास्थल पुग्दा अन्दाजी वष

२७/२८ का महिला सुनिता रम्तेल (रमा) को लाश उत्तानो परेको अवस्थामा फेला पर्‍यो । उनले पहिला पहिला भेट्दा घर गोरखा मुच्चोक भन्ने बताएकी थिइन । लाशको छेउछाउ सादा पोशाकका सुरक्षाकर्मीहरु उभिएका थिए । लाशको निधार र गालामा रगत लत्पतिएको थियो । पछाडिबाट गोली लागेर निधारबाट निस्किएको जस्तो देखिन्थ्यो । लाश नजिकै दुई वटा बमहरु पनि थिए ।

घटनाभन्दा केही दिन पहिले मैले यही गाँखुको संसारी महेन्द्र माविमा रमालाई अर्को एउटी १६/१७ वर्ष जति उमेरको केटीसँग भेटेकी थिएँ । भाग्ने केटी चाहीँ सायद त्यही होलिन । रमा मारिनुभन्दा केही अगाडि झुत्रो सादा पोशाकमा आएका सुरक्षाकर्मीहरूले बिहान साढे चार बजे नै हाम्रो घरलगायतका केही घरहरुमा "हाम्रो साथी रमा यहाँ आएकी छिन?" भनेर सोध्दै हिँडेका थिए । लाश नजिक उभिने उनीहरु नै थिए । ती सुरक्षाकमर्मीहरुले नै लाशको हातखुट्टा डोरीले बाँधेर हातखुट्टाको बीचबाट बाँस हालेर तुर्लुङ्ग झुण्ड्याउँदै खहरे खोलामा लगी खाल्डो खनी गाडे । रमालाई मारी सकेपछि पनि सुरक्षाकर्मीहरु "रमा यहाँ आएकी छन?" भनेर गाउँमा सोध्दै हिँडेका थिए । रमालाई जम्काभेटमा समातिए पछि गोली हानी मारिएको हो ।



*रमा उपनामकी माओवादी कार्यकर्ता सुनिता रम्तेललाई हत्या गरिएको स्थल*

**छविलाल घले**
वर्ष ४३
गाँखु-८ सानोटार

हामी सुतिरहेका थियौं । हामीलाई देवीलाल सुनामले बोलाए । आर्मीले बोलाएको छ भनी हामी गयौं । त्यसअघि दुईचोटी पड्किएको थियो । त्यहाँ पुग्दा लाश उत्तानो थियो । दक्षिणतिर बाटोतर्फ खुट्टा र उत्तर बारीतिर टाउको थियो । गाला र निधारमा रगत लागेको थियो । प्रहार गरिएको गोली टाउकाको पछिल्लो भाग घुच्चुकबाट अगाडितिर निस्किएको थियो । लास नजिकै जिआई पाइपको दुईवटा बम थियो । कुर्ता सुरुवाल लगाएकी ती महिलाको लाश नजिक कालो भिर्ने खाले झोला थियो । पछि रेडियोले ती मारिने महिलाको नाम रमा रम्तेल भन्यो । भुँइमा पनि रगत थियो । सेनाले गाडेको ठाउँमा भदौ १९ गते २/३ जना माओवादीहरु आएर झण्डा गाडे । रमा रम्तेललाई मारिसकेपछि सेनाहरु सदरमुकामतिरै गएका थिए । घटनास्थलमा हामी पुग्दा लाश नजिक कागजहरु, २ वटा बम र एउटा जिपलाइट थिए । घटनास्थलमासेनाले व्यहोरा नलेखिएको कागजमा देवीलाल सुनाम, छविलाल घले, लोकमान श्रेष्ठ, आइतबहादुर गुरुङ, सिरबहादुर गुरुङ, चन्द्रकुमार गुरुङ, तुलबहादुर गुरुङ सहित ९ जना गाँउलेलाई बोलाएर सही छाप गराइ लिएर गएका थिए ।

**अम्बरबहादुर घले**
वर्ष ७५
गाँखु -८, सानोटार

भदौ १६ गते बिहान पौने पाँच बजेतिर गोली चलेको आवाज आयो । घटना भएको भन्न कुरा भने उज्यालो भएपछि थाहा भयो । लाश बारीमा भेटियो । बन्दूक पड्एिको दुई चोटी हो । रगत टाउकोबाट आएको थियो । लाश उत्तानो अवस्थामा थियो । मर्ने महिला २५ वर्ष जतिकी थिइन । कागजपत्रमा “रमा” थियो । हरियो सादा सुरुवाल लगाएकी थिइन । १९ गते आएर माओवादीले झण्डा गाडेर गए । हत्या पछि सुरक्षाफौज गोरखातिर लाग्यो । त्यो दिन रमाले आफ्नो पार्टीको फौजी आएको भन्ने सुनेर भेट गर्न खोजेकी रहिछन । सेनाले झुक्याएर मारेको रहेछ । सुरक्षाफौजले २ वटा वम र एउटा जीपलाइट, कागज पत्र



*सुनिता रम्तेललाई हत्या पश्चात गाडिएको स्थल खहरे खोलाको छेउ*

उनीबाट बरामद् भएको भनेर देखाए । लास गाडिएको स्थान श्रीनाथकोट-७ खहरेखोला हो । घटनास्थल जोतेर मास छर्न ठीक गरेको ठूलो कान्छीको बारी हो । त्यो ठाउँ देवीलाल सुनामको घरमाथिबाट ५० मीटर जति टाढा पर्छ । घटना पछि सुरक्षाफौजले गाउँलेलाई बोलाई कागजमा सही गराई लाश खहरे खोलामा लगी गाडेका हुन् ।

## सुरक्षानिकायको भनाइ

**भाइकृष्ण खत्री**
कर्णेल
दी फेमस दल गण, गोर्खा

२०६२ भदौ १६ गते बिहान ५ बजेको समयमा गस्तीमा रहेको सुरक्षाटोलीसँग गाँखु गाविसको नयाँसाँघुमा मुठभेडमा सकेट बम प्रहार गरी भाग्न खोज्दा सुरक्षा कारवाहीमा रमा उपनाम गरेकी अंदाजी २५ वर्षकी सुनिता रस्तेलको घटनास्थलमै मृत्यु भएको हो । उसँग भएका अरु भाग्न सफल भएछन् । रमाको पार्टीगत पदीय दायित्व यकिन हुन नसके पनि हामीसँग बिगतमा रहेको जानकारी अनुसार उनी दलित मुक्ति मोर्चा गोर्खाकी सचिव हुन् । घटनास्थलबाट टोलीले २ वटा सकेट बम र विभिन्न दस्तावेजहरु बरामद गरेको थियो ।


**भेट गरिएका अन्य व्यक्तिहरु**

| क्र.स. | नाम | ठेगाना | उमेर |
|---|---|---|---|
| १. | ज्ञानु घले | गाँखु -८, सानोटार | ४० |
| २. | नेत्रबहादुर घले | ,, | ३७ |

## घटना २
## जौबारी -४, लाडदी

घटनाको मितिः २०६२ भदौ २६ गते बिहान
घटना समयः बिहान
घटनास्थलः जौबारी गाविस वडा नं. ४ लाडदीबेशी
पीडितः नवराज थपलिया
पीडकः श्रीकृष्ण थपलिया, उनको छोरा जयराम थपलिया, सुदर्शन थपलिया र माओवादी गतिविधिमा संलग्न इश्वर थपलियासमेतको संलग्नता रहेको भनिएको

घटनामा पाइएको तथ्य विवरण



घटनाका प्रत्यक्षदर्शीहरुका अनुसार २०६२ साल भदौ २६ गते बिहान साढे छ बजेततिर बाखालाई उन्नत जातको बोका लगाउन श्रीनाथकोट गाविसको गोहोरे तिर जाँदै गर्दा घर नजिकै खेतको पुच्छारमा पर्ने बाटो र महवीर खोलाको डिलको बीचमा हत्या गरिएको रहेछ । घर परिवार र गाउँलेहरु समेतले खोजतलास गर्दा तीन दिन पछि लास गाडिएको अवस्थामा फेला पारे । लास फेला पार्न नसक्ने गरी व्यवस्थित रुपमा गाडिएको गाउँलेहरुले जानकारी दिए । लास फेला पर्दा अनुहारमा धारिलो हतियार प्रहार गरी हत्या गरिएको लासको प्रकृति रहेको परिवार तथा प्रत्यक्षदर्शीले बताए । मृतक नवराज थपलियाको लिङ्ग आधा भागबाट टुप्पासम्म तामाको तारले बाँधिएको अवस्थामा रहेको लास निकाल्न संलग्न रहेका प्रत्यक्षदर्शीले बताए । घटनामा मृतकका दाजु श्रीकृष्ण थपलिया, उनको जेठो छोरा जयराम भन्ने यादव थपलिया, साईलो छोरा सुदर्शन थपलिया र माओवादी गतिविधिमा संलग्न काईलो छोरा इश्वर थपलिया समेतको संलग्नता रहेको भनिएको छ ।

**घटनास्थलको विवरण**

घटनास्थलको पूर्व उत्तरमा मृतक नवराज थपलियाको घर रहेको छ । घरदेखि करिब १० मिनेट दक्षिण पश्चिमको दुरीमा खेतको पुछारबाट श्रीनाथकोट गोहोरे जाने सानो बाटो रहेको छ । बाटोदेखि उत्तर पश्चिममा करिब १० मिनेटको दुरीमा मृतकका दाजु घटनाका आरोपित व्यक्ति श्रीकृष्ण थपलियाको घर रहेको छ । बाटो मुनि पूर्वतर्फ ओरालोमा जंगल र तल महवीर खोला रहेको छ । त्यहीं बाटो मुनि करिब ५ मिटर ओरालोमा घाँसको मुठो फालिएको थियो । नजिकै बरकाम्लेको बोटनेर कोदालोले खनेर रगत पुरिएको देखिन्थ्यो । त्यसदेखि तल रहेको भीरमा निंगुरोका झार माडिएर ओइलाएको अवस्थामा रहेको थियो । भीरदेखि तल र महवीर खोलादेखि माथि थोरै समथर रहेको उक्त भागमा भएको खाडलमा लाश पुरिएको खाडल रहेको देखिन्थ्यो । खाडलमा रुखका जरा रहेको थियो । लाश पुरिएको खाडलदेखि करिब १५ मिटर उत्तर पश्चिममा बोरीको सानो बोट भाँचिएको र बरकाम्लेको बोट काटिएको अवस्थामा रहेको थियो ।

**प्रत्यक्षर्शी तथा आफन्तहरुको भनाइ**

**रामचन्द्र पाण्डे**
४६ वर्ष
श्रीनाथकोट गाविस-५

नवराज थपलियाको हत्या ०६२ भदौ २६ गते आइतबार भएको हो । हामीले भदौ २८ गते ३ बजे थाहा पायौं । म घटनास्थल आएर हेरेँ । लास एक हात गहिरो खाल्डोमा थियो । ढाडको भाग देखियो कपडाबाट नवराज थपलिया भन्ने थाहा भयो । भच्चेक क्याम्पमा सुरक्षाकर्मीलाई जानकारी गरायौं । जाहेरी पनि दिइएको छ । सुरक्षाकर्मीहरुले वम डिस्पोजल गर्ने साधन लिएर आए । अनुहारमा प्रहार गरिएको थियो । टाउकोमा किरा परेछन् । पिसाब नलीको टुप्पोमा नाइलनको डोरी बाँधेको देखियो । डोरीमा तामाको तारले छालामा सिएको अवस्थामा थियो । यो माओवादीले नगरेको लाग्छ । बिरालोले दिसा लुकाएको जस्तो,



मृतक नवराज थपलिया र हत्या पश्चात गाडिएको स्थल



आजसम्म माओवादीले कारवाही गरेको सुनेको छैन । माओवादीले गरेको कारवाहीमा यसरी लास लुकाउँदैनन् । यो अपराध श्रीकृष्णको पारिवारिक सरसल्लाहले गरेको हुनुपर्छ । माओवादीलाई दोष लगाउन योजनाबद्ध तरिकाले गरिएको हो जस्तो लाग्छ । कानुनबाट बच्न लास त्यसरी लुकाइएको होला । कसैले नभेटुन भनेर लास त्यो अवस्थामा लुकाइएको हो ।

**सीताराम थपलिया**
मृतकको भाइ
जौबारी -४ लाङदीबेशी

दाजु ५४ वर्ष को कृषक हुनुहुन्थ्यो । उहाँ मानवअधिकार संरक्षण मञ्चको सदस्य पनि हुनुहुन्थ्यो । उहाँलाई माओवादीबाट ३ पटक अपहरण गरिएको थियो । पहिलो पटक ०५९ साल दशैंतिर ५ दिन राखेर छोडे, दोस्रो पटक ०६१ मा धार्केमा १३ दिन राखे र अन्तिम पटक ०६१ माघमा लगेकोमा ७ दिनपछि काशी गाउँबाट भागेर आउनुभयो । उहाँको साँहिलो छोरा सुनिल सेनामा जागीरे भएकोले बेला-बेलामा माओवादीले जागीर छोडाउन भन्थे । अन्तिम पटकको अपहरणपछि दाजु बैशाखदेखि काठमाडौंमा रहेका छोरा र छोरीसँग बस्न थाल्नुभो । यही भदौ १६ गते काठमाडौंबाट गोरखा आइ भोलिपल्ट गाउँ जानु भयो । १८ गते युद्धविरामको घोषणा भएपछि २/४ दिन बसेर जान्छु भनी गाउँमा नै बस्नु भएको हो । भदौ २६ गते घटना भयो । मैले २८ गते मात्र थाहा पाएँ । तर जान सकिन । २९ गते दाहसंस्कार भयो । उहाँको साँध सीमानाको विषयमा पारिवारिक झगडा थियो । सोही व्यक्तिको जग्गा नजिक खाल्डोमा पुरिएको अवस्थामा लास भेटिएको थियो ।

**सुरेन्द्रराज थपलिया**
३७ वर्ष
जौबारी गाविस-४, लाङदीबेसी
शिक्षक हिमालय मा वि, वारपाक गाविस

२०६२ भदौ २६ गते बिहान ६.३० बजे उन्नत जातको बोका लगाउन बाखा लिएर श्रीनाथकोट गाविस-४, गोहोरे जान भनी हिड्नु भएको थियो । गएको १५ मिनेटपछि बाखो घर आइपुग्यो । बाखालाई बाँधिएको दाम्लो थिएन । दाई खाना खान पनि नआएपछि गाउँतिर जानु भयो होला भन्ने भयो । बेलुकी पनि आउनु भएन । साँझ पख श्रीकृष्ण थपलियाको कान्छो छोरो नारायण थपलियाले कोदालो, गल, घन बोकेर घरतर्फ गएको (घटनास्थलतिरबाट) दाजुको कान्छो छोरा सुरज थपलिया (१२ वर्षीय) ले देखेको थियो । बेलुकीसम्म बा नआएपछि कान्छोले खाना खान मानेन । भोलिपल्ट श्रीनाथकोट, जौबारी फिनामटारतिर खोजी गर्न परिवारका सदस्य लागे । बेलुकी पनि फेला नपरेपछि गाउँभरि खबर गरी खोजी गरियो । मंगलबार बिहानैदेखि गाउँका मानिससहित दाजु गएको बाटो महवीर खोला र आसपास खोजी गरियो । दाईको माइलो छोरा राजन थपलिया (२६ वर्षीय) भच्चेक चौकीमा बुबा हराएको जानकारी दिन गयो । बुटो काटिएको ठाउँमा नौ जना गई खोजी गरे । जसमा यमनाथ सापकोटा, सन्तबहादुर मिजार, ऋषीराम थपलिया, ज्ञानराज थपलिया, प्रकाश थपलिया, नवराज सापकोटा, कर्णबहादुर मिजारलगायत थिए । लास भेटेपछि ३ जना खबर गर्न भच्चेक पठाइयो । यो सब क्रममा श्रीकृष्ण थपलियाको परिवारबाहेक सबै गाउँ जम्मा भयो ।

बुधबार सेनासँगै हेलिकप्टरमा मानवअधिकारवादी पनि आएका थिए । सेना र प्रहरी गरी जम्मा १५०/२०० जति आएका थिए । बुधबार बिहानको समाचार सुन्न पाइन । ९.४५ बिहान अफिस जाँदा साथीहरुले जौबारीमा सेनाको पिता थपलिया थरको लाई माओवादीले मारे भने । मैले नाम भनेपछि साथीहरु अनकनाउनु भयो । एकजना सरले टिपेर राख्नु भएको रहेछ । उहाँले सबै भन्नुभयो । त्यसपछि म १० बजेदेखि ११ बजेसम्म बेहोस भएछु । म बेलुकी ८.३० मा घर आइ पुगे । हाम्रो झगडा २० वर्षदेखि हाम्रो हजुर बा र श्रीकृष्ण बीच अपुताली सम्पत्तिको लागि थियो । मुद्दाहरु सबै दाईले हेर्नु हुन्थ्यो। सर्वोच्च अदालतसम्म मुद्दा छ । अपुताली सम्पत्ति ६०/७० मुरी धान फल्ने खेत थियो । कुटपिट मुद्दा पनि थियो । जिल्लाले हामीलाई हरायो । दाईलाई कुटपिट गरेका थिए । मेरो पछिल्लो भेट जनै पूर्णिमा भएको थियो । ०६२ असोज १० सोमबारमा गोरखाबाट आउँदा ४०/४२ वर्षको माओवादीले यो हामीलाई बदनाम गराउने खेल हो । मार्ने भए पहिले नै मार्न सक्थ्यौं भने । छिमेकीले षडयन्त्रमूलक गरिएको हत्या हो । जिल्लाले

विज्ञप्ति जारी गरी सक्यो । मैले प्रचण्डबाट विज्ञप्ति आउनुपर्ने बताएँ । सेना प्रहरीलाई सबै कुरा जानकारी गराउँदा पनि घरको खोज तलास गरिएन ।

**सन्त बहादुर नेपाली**
वर्ष ४०
जौवारी -४, लाङदी

मज्वाको ठुलाबा हराउनु भयो भनी भदौ २७ गते बेलुका ७ बजेतिर छोरीले खबर गरी । २८ गते बिहानै खोज्न जाने भनी खबर पाए पछि खोज्न हिड्यौं । नवराज थपलिया २६ गते बिहान जान भनी हिंडेको बाटोतिर खोज्यौं । पश्चिमतिरबाट खोज्दै गरेको टोलीले बरकाम्लेको बोट काटिएको फेला पार्‍यो । त्यसको १० मिटर जति उत्तर गए पछि भित्तामा कोतरिएको देखियो । ढुंगाले छोपिएको ठाँउ देखियो । हसिँयाको चुच्चाले ढुंगा उप्काउँदा गन्दे र पानी अमलाको पात तोपिएको देख्यौं । शंका लागे पछि पुनः खोतल्दा काटिएको जरा भेटियो । थप खोतल्दा स्टकोट देखियो । त्यस पछि लास भेटियो । लास कसरी ल्याइएको रहेछ भनी खोजतलास गर्दा भिरमा गाउजो र न्युरो माडिएको देखियो । भिर माथि पुगेर हेर्दा गोहोरे जाने बाटो मुन्तिर सानो घाँसको मुठो र बरकाम्लेको बुटानेर कोदालोले माटो खनेर रगत पुरिएको थियो । श्रीकृष्ण र नवराज थपलियाको बीच उनीहरुको बाबु बाजेको पालादेखि जग्गाको सम्बन्धी रिसइवी थियो । श्रीकृष्णले नवराजको बाखा काटिदिने, माओवादी लगाईदिउँ भन्ने धम्की दिने गरेका थिए । नवराजको साइलो छोरा सेनामा भर्ती भएको छ । श्रीकृष्णको काईलो छोरा इश्वर ३ वर्ष जति भयौ माओवादी गतिविधिमा संलग्न छन् । सोही जग्गाको रिसइवीले श्रीकृष्णका परिवारले मारेका होलान् । लास पत्ता लागेपछि श्रीकृष्णका सबै परिवार भागेका थिए । इश्वर २-३ दिन अघिदेखि नै गाँउघरमा आएको थियो भन्ने सुनेको हुँ ।

**नवराज सापकोटा**
वर्ष २३
जौवारी -४, लाङदीबेसी
शिक्षक, बुद्धिकल्याण प्रा वि श्रीनाथकोट-३ डाँडागाउँ

मिति २०६२ असोज ७ गते दिउँसो १२ बजे तिर बिद्यालयबाट घरतिर आउँदै थिएँ । श्रीनाथकोटको पाण्डे गाउँमा माओवादीहरु बसेका रहेछन् । उनीहरु बसेको ठाउँमा ६ जना गयौं । मैले नवराज थपलियाको हत्या तपाईहरुले गरेको हो भनेर सोध्दा होईन भने । श्रीकृष्णको छोरा इश्वर तपाईको सम्पर्कमा छ छैन भन्दा उसलाई हामीले कब्जा गरी राखेका छौं । इश्वरसँग हाम्रो अर्को साथी थियो । उनीहरु घटनाको अघिल्लो दिन इश्वरको घरमा गएका थिए । भोलिपल्ट बिहानै घरका अरु परिवार र इश्वर घरबाट तल लागे । साथी पनि सँगै गएछ । तल आएर एक्कासी नवराजलाई घेरा हालेछन् तर साथीले रोक्न प्रयास गर्नु भएछ । पटकपटक नवराज थपलियालाई हान्न खोज्दा यूद्धविराम भएको बेला यस्तो गर्न हुँदैन भनी रोक्दारोक्दै नवराज उम्कने प्रयास गर्नु भएछ । पहिले इश्वरले टाउकोमा हानेछ । त्यस पछि परिवारका सबैले हान्ने काम गरेछन् । नवराजलाई इश्वरले हानेर ढलेपछि हाम्रो साथी भाग्नु भएछ । यादव थपलियाले लास पुरेछन् । घटनामा संलग्न  दोषीलाई ल्याएर कारवाही गर्न सक्नु हुन्छ हुँदैन भन्दा वरिपरीका जनताले चाहन्छन् भने हामी इश्वरलाई सफाया गर्न सक्छौं । श्रीकृष्ण, यादव र सुदर्शनलाई पक्राउ गर्ने तथा खोज्ने क्रममा आएका थियौं भन्ने जवाफ दिए ।



**लास पुरिएको माथि भिरालोमा माडिएको न्यूरोको बोट दायाँ र रगत पुरिएको स्थल वायाँ**



यो घटनाको सन्दर्भमा पार्टी पूर्णरुपमा जिम्मेवार छैन । यो इश्वरको व्यक्तिगत जिम्मेवारी हो । यो घटनाले हाम्रो बेइज्जती गराएको छ । तिनीहरु २ जना थिए । एक जना देखेको मानिस हो । प्वालै प्वाल भएको हतियार लिएको एक जना गार्ड थियो । ऊ श्रीनाथकोट गाविस वडा नं. २ आरुखर्कको भरत नाम गरेको व्यक्ति हो । श्रीकृष्णको छोरा इश्वर उसको व्यक्तिगत स्वार्थ पूर्तीको लागि मात्र पार्टीमा लागेको रहेछ भन्ने हामीलाई लागेको छ ।

**राजन थपलिया**
वर्ष २३
जौबारी-४ लाङदी

२०६२ भदौ २६ गते आइतबार बिहान ६.१५ बजेतिर मेरो बुबाको हत्या गरिएछ । बुबा बिहान बाखालाई विकासे बोकाको लगाउन श्रीनाथकोट-४ गोहेरे तिर जानुभएको थियो । पात्ले खेतको डिल, महवीर खोला डिल घरबाट करिब ७ मिनेटको दुरीमा श्रीकृष्ण थपलियाको खेतको पुछार, श्रीनाथकोट गोहरे जाने बाटोमुनि जंगलमा हत्या गरेछन् । बाटोको डिलबाट करिब २० मीटर तल फालेर सानो खाडल खनेर पुरेको अवस्थामा फेला पऱ्यो । खाडल पहिलै तयार गरेजस्तो देखिन्यो । खाडलको माथिल्लो भाग सानो र तल ठूलो आकार रहेको पाइयो ।

श्रीकृष्ण र नवराजको बीचमा जग्गासम्बन्धी मुद्दा चलिरहेको छ । यो मुद्दा हामी जन्मिनुभन्दा अगाडि देखिको हो । श्रीकृष्णको परिवारबाट समय-समयमा एउटै खाडलमा हाल्छु भन्ने धम्की आउने गर्दथ्यो । गत वर्ष चैत्र-बैशाखमा उसको परिवारले मिलेर हामीलाई कुटपिटसमेत गरे । हामीलाई बुबा हराउँदा पहिले माओवादीले लगेकाले त्यही शंका गरेका थियौं । पछि गाउँले सबै मिलेर खोजी गर्दा लास भेटेपछि घटनाको प्रकृति हेर्दा माओवादीले होइन भन्ने लाग्यो । एक भाइ सैनिकमा जागिर खाएको कारण धेरै अगाडि जागिर छुटाउन माओवादीले दबाब दिएका हुन् र चन्दा मागेका पनि हुन् । चन्दा माग्दा श्रीकृष्णको जेठो छोरा यादव थपलियाले माओवादी लिएर चिठ्ठी देखाएर माग्न आउने गरेको थाहा छ । ऊ माओवादीमा लागेको मान्छे होइन किनभने ऊ घरमै बस्थ्यो । उसको काइलो भाइ ईश्वर चैं माओवादीमा लागेको छ । भूमिगत भएर हिँडेको तर यो घटनामा ऊ थियो कि थिएन भन्न सक्तिन । मलाई श्रीकृष्णको सम्पूर्ण परिवार नै मिलेर मेरो बुवाको हत्या गरेको हो । उसको परिवारमा छोरा यादव, सुदर्शन, ईश्वर र नारायण क्रमश २६, २०, १८, १५ वर्षका छन् । यादवका दुईवटी श्रीमती छन् ।

**नारायण थपलिया**
१२ वर्ष
मृतकको दाईको कान्छा छोरा
जौबारी गाविस लाङ्दी-४

मेरो बुवा श्रीकृष्ण थपलिया, जेठो दाजु जयराम थपलिया, माईलो इश्वर थपलिया, साईलो सुदर्शन थपलिया हुनुहुन्छ । ईश्वर थपलिया कक्षा ६ मा पढ्दादेखि नै माओवादी गतिविधिमा लागेको हो । २०६२ बैशाख महिनामा एकपल्ट घर आएको थियो । २०६२ भदौ २६ गते आइतबार नवराज थपलिया घरबाट हराएको र २८ गते लास भेटिएको हो । काकासँग जग्गाको बारेमा पहिला देखिनै मुद्दा र झगडा भएकोले बोलचाल बन्द थियो । मृतकको परिवारले बुबा श्रीकृष्ण थपलिया र जेठा दाई जयराम थपलियालाई हत्याको आरोप लगाएका छन् । २९ गते गाउँले समेत भई आमा देवकुमारी थपलिया र भाउजुलाई भच्चेक ब्यारेकमा पुऱ्याइयो । सोधपुछ गरी पुनः बोलाएको छ ।

**ज्ञानबहादुर थपलिया**
जौबारी -४, लाङदी

०६२ भदौ २६ गते बिहान ७ बजे बाखालाई उन्नत जातको बोका लगाउनको लागि गोहोरे गाउँ हिँडेकोमा घर नआएकोले खोजतलास गर्दा २८ गते मंगलबार बिहान ८ बजे नवराजको लास गाडिएको अवस्थामा भेटिएको थियो । २६ गतेदेखि २८ गते बिहान ८ गते लास नभेटुञ्जेलसम्म श्रीकृष्ण थपलिया घरमै रहेका

थिए । मंगलबार २८ गते खोपिन्द्र सापकोटा श्रीकृष्णको घरमा जाँदा श्रीकृष्णले भोलि बुधबार घरमा श्राद्ध छ भनी कपाल काट्न लगाएका थिए । सोही २८ गते श्रीनाथकोट बस्ने गोपाल दमाई श्रीकृष्णको घरमा कपडा सिइरहेको अवस्थामा बिहान ८.३० बजे जब लास भेटेर नवराजको घरमा रुवाबासी शुरु भए पश्चात श्रीकृष्ण थपलिया फरार भएको थिए । घटना हुँदाको दिन श्रीकृष्ण थपलिया, उसको श्रीमती लगायत छोराहरु जयराम भन्ने यादव, सुदर्शन, ईश्वर र नारायण साथै बुहारी पनि घरमै थिए । मंगलबार सबै गाउँलेहरु मृतकको घरमा बसिरहेको बेला दुवै छोरा जयराम र सुदर्शन झोला बोकेर जौवारीतिर गएका हुन् । उनीहरुको जग्गासम्बन्धी पुरानो मुद्दाको रिसइवी रहेको थियो । जग्गाको मुद्दा मिलाउने सिलसिलामा दुवैतर्फको श्रीकृष्ण र नवराजलाई माओवादीले ३ पल्ट अपहरण गरेर लगेका थिए । लास फेला पर्दा गाउँका सबैजसो मान्छेहरु घटनास्थलमा आएका थिए तर श्रीकृष्णको घरबाट कोही पनि आएनन् । अहिले माओवादीले श्रीकृष्णको परिवारलाई पक्रिन खोजिरहेको छ ।

## माओवादी कार्यकर्ताको भनाई

**प्रेम गिरी**
सदस्य, सेक्सन FGL (माओवादी), गोरखा
**निराजन**
सहायक कमाण्डर, सेक्सन FGL (माओवादी), गोरखा

इश्वर थपलिया युद्ध विरामको बेला एक जना साथीसँगै घरमा गएको थियो । उ सँग माउजर तथा सिजर मध्ये एउटा हतियार साथ मै हुन्छ । २०६२ भदौ २६ गते आफ्नो पारिवारिक रिसईवीका कारण त्यही हतियार प्रयोग गरी उसले नवराज थपलियाको हत्या गरेको हो । यसमा पार्टीको कुनै जिम्मेवारी छैन् । उ सँगैको साथीले युद्धविरामको बेला हत्याको काम गर्नु हुँदैन भन्दा पनि नमानी यस्तो कार्य गरेको हो । घटना भए पछि भाग्न लागेको रहेछ हाल ऊ पार्टीको कब्जामा रहेको छ ।

### भेट गरिएका अन्य व्यक्तिहरु

| क्र.स. | नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | ज्ञानप्रसाद थपलिया | जौबारी- ४, लाङदी | |
| २ | भगवती पाठक | ,, | |
| ३ | मधुविलाश पाण्डे | ,, | |
| ४ | बद्रीप्रसाद सापकोटा | ,, | |
| ५ | हरि थपलिया | श्रीनाथकोट -५, गोहोरे | शिक्षक, घ्याम्पेदेवी प्रा वि पाउँदुरखर्क- जौबारी |
| ६ | अचला सापकोटा | जौबारी- ४, लाङदी | शिक्षिका, घ्याम्पेदेवी प्रा वि पाउँदुरखर्क- जौबारी |
| ७ | महानन्द सापकोटा | ,, | |
| ८ | सोम बहादुर नेपाली | ,, | |
| ९ | सोमराज थपलिया | ,, | |
| १० | कर्णबहादुर नेपाली | ,, | |
| ११ | बलभद्र ढकाल | श्रीनाथकोट -४ उपल्लो गोहोरे | |


**घटना ३**

**पन्द्रुङ -८, तीनखण्डे**

| | |
|---|---|
| घटनाको मितिः | २०६२ भदौ ३० गते |
| घटना समयः | राती अं. ११ बजे |
| घटनास्थलः | पन्द्रुङ गाविस वडा नं. ८ तीनखण्डेको पैरे |
| पीडितः | विनिता भनिने तान्द्राङ्ग -९ काउलेकी बिजुला बञ्जारा र अपेक्षा उपनामकी कल्पना बञ्जारा |
| पीडकः | सुरक्षाफौज |

**घटनामा पाइएको तथ्य विवरण**

प्रत्यक्षदर्शीका अनुसार मिति २०६२ भदौ ३० गते साँझ करिव साढे आठ बजेको समयमा सुरक्षाफौज पन्द्रुङ गाविस वडा नं. ८ तीनखण्डेमा गस्तीमा गएको रहेछ । गस्तीको क्रममा चुडामणि धिताल र लोकप्रसाद भट्टको घरमा पुगी खानतलास गरे । राति पौने एघार बजेको समयमा तीनखण्डेको पैरेमा गोली चल्यो । तान्द्राङ्ग गाविस वडा नं. ९ काहुले घरभएका बिजुला बञ्जारा र कल्पना बञ्जारा गरी २ जना महिला मारिए । गोली चलेको केही समय पश्चात गाउँका मानिसहरुलाई लगी लास र घटनास्थल हेर्न लगाई उनीहरुको रोहबरमा लासको प्रकृति देखाई लास गाड्न लगाइयो । घटनास्थल पन्द्रुङ गाविस वडा नं. ८ तीनखण्डेको पैरेमा थियो । ओरालो ठाँउमा मृत लाशहरु करिब १० मिटरको फरकमा ढलेका थिए । कल्पना बञ्जाराको लास उत्तर तिर र बिजुलाको लास दक्षिणतिर रहेका थियो । कल्पनाको लास नजिकै गिदी र रगतको थुप्रो थियो । उसको टाउकोमा गोली लागेको थियो । गोलीको प्रहारले अनुहारमा आँखा र नाकको भाग क्षतविक्षत थियो भने स्तनमा तेर्सो गोली हानिएकोले दुबै स्तनमा गोली लागेको थियो । बिजुला बञ्जाराको लासको टाउको क्षतविक्षत थियो । शरीरमा केही पनि भएको थिएन । घटनास्थलमा सेल रोटीहरु थिए । घटनास्थलमा उनीहरुको झोला थिए । कल्पनाको झोलामा रातो झण्डा, दार्शनशास्त्रको पुस्तक र दस्तावेजहरु थिए । हामी समेतलाई पूर्व पश्चिमको खाडल खन्न लगाई एउटीलाई पूर्व र अर्कीलाई पश्चिम फर्काई झोलाहरु समेत त्यसै खाडलमा हाली लास पुरियो । सुरक्षाफौजले ३१ गते ती सबैलाई घ्याम्पेसाल गुल्ममा बोलाई घटनाका सम्बन्धमा कहीँकतै नभन्न भनियो । मृतकहरू मिति २०६२ भदौ ३० गते अं. साँझ ६ बजेको समयमा बिजुला बञ्जाराको माईती घर पन्द्रुङ गाविस वडा नं. ९ राम्चेबाट घर  तान्द्राङ्ग गाविस वडा नं. ९ काहुले जान भनी हिडेका थिए ।



**घटनास्थलको विवरण**

उत्तरमा ढिस्को, ढिस्को माथि समथर भाग त्यहाँ कोदो बारी सो देखि करिब ३०० मिटर को दुरीमा निलप्रसाद भट्टको घर, पुर्वमा ढिस्को ढिस्कोमा सानो बाटो बाटोदेखि करिब २० मिटर पूर्व कान्लोमा सिमलको रुख दक्षिणमा भिरालो र तल खोला रहेको पश्चिममा चिलाउनेका रुख तथा झाँगहरु त्यसदेखि पर खोल्सा र करिब २०० मिटर पश्चिममा पैरे खोला पर्दछ । घटनास्थलदेखि करिब १ किलोमिटर पश्चिम घ्याम्पेसाल डाँडोमा संयुक्त सुरक्षाफौजको घ्याम्पेसाल गुल्म रहेको छ ।

घटनास्थलको पश्चिमतर्फ लास गाडिएको स्थल, लास गाडिएको करिब १० मिटर पूर्वमा खनेर रगत र गिदी पुरिएको, त्यसमा कालो जिन्सको ज्याकेट रहेको, ज्याकेटको छातीको साईडमा प्वाल परेको, वरपर कालो प्लाष्टिकको कभर भएको  सानो ऐना, झोलाको बटन र डोरी, प्लाष्टिकका दुई जोडा चप्पल, चितवन लेखिएको पोलीथिनको झोला रहेको थियो ।

**खिलप्रसाद धिताल**
४२ वर्ष
पन्द्रुङ्ग गाविस-८, तिनखण्डे

म बिरामी थिएँ । मलाई सघाउन मेरो दाजु आउनु भएको थियो । भदौ ३० साँझ ६ बजे तिर दाजुको छोरा रेशम पनि आएको थियो । गाई बस्तु नबाँधेकोले सो कामका लागि घर जान भनी गएको थियो । दाजु बिहान घरमा जाँदा घरमा नै गएको रहेनछ । राती ११ बजेको हाराहारीमा पूर्वतिर गोली चल्यो । त्यसको धेरै समय पछि घरको ४/५ कान्ला मुनिबाट गस्ती गयो । बिहान भएपछि दाई घर जानुभयो । बेलुकाको खाना त्यतिकै थियो । गाई वस्तु पनि बाँधेको थिएन । राति घर गएका छोरा रेशम पनि घरमा थिएन । माथि ब्यारेकमा बुझ्न जाँदा थुप्रै टोली बाहिर गएको छ । आएपछि बुझौला भन्ने जवाफ दिएछन् । मैले बजारमाा उपचार गराउँदा बिहान ११ बजे मात्र घटनाका बारेमा थाहा पाएँ । दिउँसो १ बजे रेशम ब्यारेकमा रहेको जानकारी पाइयो । घटना भएपछि राति नै १० जनालाई बोलाएर खाल्डो खन्न लगाई लास पुर्ने काम भएको रहेछ । दुई जना महिला मारिएका थिए । उनीहरुको यही काउले घर हो । एउटै परिवारका र माओवादीमा लागी घर छोडेर हिँडेको व्यक्तिहरु हुन् । रेशमलाई गोरखा लगेर छोडे । हाल ऊ काठमाडौंमा छ । मलेसिया जाने तयारीमा छ । मेरो घरबाट रेशम आफ्नो घर जाँदा करिब ७.३० देखि



**हत्या गरिएको स्थल घरदेखि अगाडिको पाखो**

८.०० बजेको थियो होला । घर ५ मिनेटको दुरीमा छ । गस्ती बिहान ३ बजे मेरो घरको आँगन हुँदै फर्केका थिए । मारिने लोकप्रसाद बन्जाराको श्रीमति र बहिनी हुन् । कल्पनाको जेठी छोरी ७ मा र कान्छो छोरा ५ मा पढ्छन् । मारिएको दिन राति १ छोरा मान्छे र २ छोरी मान्छेलाई बजार घुमाएको गाउँलेबाट सुनेको हुँ ।

**किसन भट्ट**
३० वर्ष
पन्द्रुङ गाविस-८, तिनखण्डे

मिति २०६२ भदौ ३० गते राति ११ बजेको समयमा गोली चलेको आवाज आयो । गाउँकालाई उठाउँदै, गाली गर्दै, बुटले पिटेर घटनास्थल लगे । चुडामणी धिताल मर्नेको मावली पर्छ । विजुलाको माईती राम्चेबाट घर जाँदै गरेको बुझिन्छ । गाउँबाट मानिसहरुलाई कुटो कोदालो सहित घटनास्थल लगे । धर्मलाल पाण्डे, खिलप्रसाद पाण्डे, मुक्तिनाथ पाण्डे, बुद्धिप्रसाद भट्ट, तोयानाथ पुडासैनी, अगनधर पाण्डेलगायतलाई ल्याएका थिए । खाल्डो खनी लास पुर्न लगाए ।  त्यो दिन हरि धिताल (२३ वर्षीय) लाई पनि समातेर लगेका थिए । गाउँलेलाई घटनास्थल लगी खान तलासी गर्दा ३० वटा सेलरोटी र लुगा मात्र भेटियो ।

**अगनधर पाण्डे**
३८ वर्ष पन्द्रुङ -८, तीनखण्डे
प्रधानाध्यापक, जनजगृति प्रावि तीनखण्डे

घटनापछि लाश पुर्न हामीलाई प्रयोग गरियो । हाल हामी सन्त्रस्त छौं । मानसिक स्थिति ठीक नभएका बुद्धि भट्टसहित ६२ वर्षीय बृद्ध झन्कनाथ पाण्डेलाई समेत घटनास्थलमा लगियो । २०६२ भदौ ३० गते बिहान सुरक्षाफौजको गस्ती आएको थियो । सोही दिन राती घटना भयो । राती एक जना हल्ला गर्दै आयो, हामीले गोली चलाउँदा ढल्यो, चिन्नु हुन्छ कि जाउँ भने । मैले राति आँखा देख्दिन, अहिले जान्न भने । हामी राती किन जाने भनेर सोधेपछि खुरुक्क हिड्नुस, जबर्जस्ती गर्नु नपरोस् भने ।  अरु गाउँलेले हामी पनि आएका छौं जाऊँ भने पछि गए । टर्च बाल्न दिएनन् । उनीहरुले मादक पदार्थ पनि सेवन गरेका थिए । घटनास्थलको डिलमा चारैतर्फ फर्की सुतेको स्थितिमा तयारी अवस्थामा सुरक्षाफौज तैनाथ थिए । हामीलाई त्यहाँ पुर्‍याइसकेपछि दुई जना मरेका छन् चिन्नु पर्‍यो भने । डिलबाट तल लगी सानो लाइट बाली लास चिन्न लगाए । गिदीका टुक्रा र रगतको आहाल थियो । हेर्न सकिएन । झोलामा कल्पना बन्जारा लेखिएको कागज देखाए । तान्द्राङ काउले कता हो भनेर सोधे । यो प्रमाणित भयो अब अर्को चिन्ने भने । सञ्चार सम्पर्क पनि गरिरहेका थिए । अर्को झोलामा ताजा सेलरोटी थिए । “हामीलाई यस्तो बिजोग किन देखाउनु भयो , घटना कसरी भयो ?” भनी मैले प्रश्न गरें ।

“हामी पारीबाट गस्ती आउँदै थियौं, यिनीहरु तल झरिरहेका थिए । ५/७ जना थिए । सकेट बम फाले, हामीले गोली चलाउँदा मृत्यु भयो” भन्ने जवाफ दिए । “भीडन्तमा टाउकोमा मात्र गोली कसरी लाग्यो ? ” भनी सोध्दा “यो बाठो रहेछ हान्दे ” भने । खाल्डो खन्न लगाई टाउको दुईतिर दोहोरो पारी लाश पुर्न लगाए । राति २ बजे कागजमा सही छाप गर्न लगाए ।

लाश पुरेर जाने बेलामा सबै सेना जम्मा हुँदा मेला लागे जस्तै भयो । कल्पनाको झोलामा रातो झण्डा, दार्शनशास्त्रको पुस्तक, दस्तावेजलगायत् सामान थिए । कागजपत्र ३/४ किलो थियो होला । झोला खाल्डोमा पुरे । कपडाहरु पनि पुरे । सबै कपडा खोली नाङ्गो बनाएर ओलटाइ पोल्टाई ल हेर्नुस् कहीँ घाउ छ भनेर देखाए । कल्पनाको आँखा र नाकको भाग पूरै थिएन । कल्पनाको लास भएको करिब ५ मिटर पर गिदीको थुप्रो थियो । छातीमा तेर्सो गोली लागेको थियो । उक्त तेर्सो गोली दुवै स्तनमा लागेको थियो । रगत बगिरहेको थियो । बिजुला बञ्जाराको लाशको टाउको क्षतविक्षत थियो । शरीरमा केही पनि भएको थिएन । घटनास्थलमा सेल रोटीहरु थिए । लास र घटनास्थल हेर्दा उनीहरु निशस्त्र थिए । गोली पड्कदा पौने एघार बजेको थियो । गोली लगातार पड्केको थियो । भोलिपल्ट ब्यारेकमा बोलाए अनुसार गइयो । त्यहाँ यो कुरा बाहिर नगर्नु भने । तपाईहरुलाई के सहयोग गर्नुपर्छ खानेपानी, बाटोघाटो बनाई दिनुपर्छ कि भन्नुस् भनेका थिए । म, हस्तबहादुर पाण्डे, मुक्तिनाथ पाण्डे, ओमबहादुर पाण्डे, धर्मलाल पाण्डे, खिलप्रसाद पाण्डे, तोयानाथ पुडासैनी, बुद्धिप्रसाद भट्ट, झम्कनाथ पाण्डे र धनप्रसाद पाण्डे गरी १० जनालाई उक्त

काममा लगाइएको हो । कल्पनाको जेठा मामा चुडामणि धितालको घरबाट उनीहरुलाई समातेको भन्ने सुनेको हौं । छिमेकीले  थाहा पाएका छन् । चुडामणीको श्रीमतीका अनुसार उनी घर भित्र भएको बेला बाहिर आइमाई रोएका थिए । आमा हामी माइतबाट आइपुग्यौं भनेका थिए । बाहिर समात समात भनेको आवाज आएको थियो । त्यसपछि हामी माइत आएको चेली हौं भन्ने आवाज पनि आएको थियो ।

**टीकादेवी धिताल**
५३ वर्ष
पन्द्रुङ -८, तीनखण्डे,
मृतक कल्पनाकी माइजु

मिति २०६२ भदौ ३० गते साँझ अं. ८ बजेको समयमा म घरमा एक्लै थिएँ । छोरा र श्रीमान तल देवरको घरमा हुनुहुन्थ्यो । त्यसबेला म भान्सामा थिएँ । बाहिर भैंसी कराउन थाले । घर आसपास सेना छपक्कै थिए । घरमा कति जना हुनुहुन्छ भनी सोधे । आमा नडराउनुस् हामी आइरहने हौं भने । बत्ती पनि निभाउन भने । मेरो साँहिली आमाजुको घर तान्द्राङ्ग काहुलेमा हो । उनीहरु बन्जारा हुन् । भाञ्जी कल्पनाको विवाह भएको थिएन । मेरो छोरा रेशमलाई सेनाले बाटोमा भेट्दा समाती लगेछन् । छोरा छुटेपछि घर आएको छैन काठमाडौंमा छ ।

**चुडामणि धिताल**
५३ वर्ष
पन्द्रुङ -८, तीनखण्डे
मृतक कल्पनाको मामा

२०६२ भदौ ३० गते साँझ ५ बजे मेला छोडी घर आए । भाई खिलप्रसाद बिरामी भएकाले भाईलाइ भेट्न गए । राति त्यही बसे । भोलिपल्ट घर आई हेर्दा घरमा घरको केही काम पनि भएको थिएन । छोरा पनि घरमा आएको रहेनछ । त्यसपछि सबैतिर खोजे नपाएपछि माथि व्यारेकमा बुझ्न गए । भाइलाईमाथि जँचाउन लगियो । दिउसो ३ बजे छोरा त्यही व्यारेकमा रहेको जानकारी पाएँ । घर लैजान्छु भन्दा गोरखा पठाई दिए । हाल ऊ काठमाडौं छ । राति गस्ती हिँडेको थियो । भोलिपल्ट लोकप्रसादका श्रीमती बहिनी मारिए, गाउँलेलाई खाल्डो खन्न लगाई पुर्न लगाइयो भन्ने सुने । मर्ने मेरो भाञ्जी र भाञ्जी बुहारी हुन् । दिदीको घरमा जाँदा भाञ्जी र बुहारी राम्चेबाट निस्केका थिए भन्ने थाहा पाएँ । भाञ्जा माओवादी भएको १०/११ वर्ष भयो । भाञ्जी २ वर्ष अघिसम्म यहाँ आइरहन्थिन् । छोरा काकाको घरबाट आफ्नो घर जाँदा



**हत्या पछि लास गाडिएको स्थल**

पहिरो नेर ५/७ जना सेनासँग भेट भएछ । राति किन हिँडेको भन्दा काका बिरामी हुनुहुन्छ भनी परिचय दिँदा समाती ब्यारेक लगेछन् ।

**लीलाधर ढकाल**
३९ वर्ष
पन्द्रुङ गाविस-९, राम्चे
मृतक विजुलाको दाजु

बिजुला मेरी माइली बहिनी हुन् । आत्मसमर्पण  गर । लालाबाला छन् भनेको थिएँ तर मानिन । मिति २०६२ भदौ ३० गते साँझ अं. ६ बजे तिर दुबै जना यहीबाट तान्द्राङ्गतर्फ गएका हुन् । वर्ष दिनपछि आएकी थिई । बहिनी ४ वर्षदेखि माओवादी गतिविधिमा लागेकी थिई । यहाँबाट हिँड्दा घरतिर जान्छु भनेर हिँडेका थिए । हातमा एउटा प्लाष्टिकको झोला र अर्को एउटा झोला थियो । उनीहरुसँग हातहतियार थिएन । उनीहरु गुम्दातिरबाट आएका थिए । घरबाट उनीहरु जाँदा मलाई पनि सेल रोटिदिएका थिए । घर तिर जाँदा माथितिर गैरा छापको बाटोतिर भएर गएका थिए ।

**प्रमोद बञ्जारा**
१० वर्ष
बिजुला बञ्जाराको छोरा (दुल्लभ उच्च मावि घ्याम्पेसालमा कक्षा-५ मा अध्ययनरत)

आमा अघिल्लो दिन आउनुभयो । मामा घरमा बास बस्नुभयो । मसँग दशैंमा आउँछु भन्नुभयो । घर (तान्द्राङ-९ काउले) जान्छु भन्नुभएको थियो । राति मलाई सँगै सुताउनुभयो । आमासँग औषधीहरु पनि थियो। भोलिपल्ट बिहान आमा (बिजुला) र दिदी (कल्पना)ले नुहाउनुभयो । दिदीले कुर्ता सुरुवाल र मम्मीले भेस्ट र रातो खाले घुँडा-घुँडासम्म आउने हाफ पाईन्ट जस्तो लगाउनु भएको थियो । सेतो प्लाष्टिकको झोलामा सेल रोटी राख्नु भएको थियो। दिदी र आमाले चप्पल लगाउनु भएको थियो।



**रगत र गिदी पुरिएको ठाउँ : ऐना, झोलाको डोरी, जिन्सको ज्याकेट समेत यत्रतत्र रहेको**

**टुकप्रसाद ढकाल**
५८ वर्ष
पन्द्रुङ गाविस-९, राम्चे
मृतक बिजुलाको बाबु

छोरी बिजुला बञ्जारा र छोरीकी नन्द कल्पना बञ्जारा मिति २०६२ भदौ २९ गते नै आएका थिए । एक रात बसी भोलिपल्ट ३० गते साँझ अं. ६ बजेको समयमा आफ्नो घर तान्द्राङ्ग काउलेमा जान भनी हिँडेका थिए । आमालाई औषधी पनि छाडिदिएकी थिई । उनीहरुसँग सानो सानो झोला थियो । हतियार केही पनि थिएन । ३१ गते दिउसो बिजुलाको छोरा प्रमोद स्कूल गएको बेला आफ्नो आमा मारिएको भन्ने खबर ल्याए पछि थाहा पाएको हुँ ।

## सुरक्षानिकायको भनाई

**सिजर गुरुङ**
मेजर
दि फेमस महेन्द्रदल गण "ख" गुल्म घ्याम्पेसाल
**र**
**नगेन्द्र भगत चौधरी**
सई
प्रहरी चौकी, घ्याम्पेसाल

भदौ ३० मा डोमिनेटिङ्ग टोली जाँदा गस्ती टोली पनि गएको थियो । हाम्रो नियमित गस्ती थियो । शंका लागेको क्षेत्रमा प्रायः गस्ती गर्ने गर्दछौं । उनीहरु उत्तरबाट तान्द्राङ्गतिर जाँदै रहेछन् । जम्काभेट भएको अवस्था थियो । उनीहरुले सकेट बम प्रहार गरे पछि खाली ठाउँमा पर्‍यो । त्यसपछि फायरिङ्ग भयो । ५/७ जनामा २ जनाको लास भेटियो । घटनास्थलमा उनीहरुसँग सकेट बम २ थान, दस्तावेजहरु, पर्सनल डायरी, झण्डा, सांस्कृतिक कार्यक्रमका फोटाहरु भेटियो । दस्तावेज हेर्दा उनीहरुको नाम र ठेगाना खुल्यो ।



**घटनास्थलमै रहेका मृतकका चप्पलहरु, प्लास्टिकको झोला र औषधी**

उनीहरुमा अं. २० वर्षकी कल्पना बञ्जारा र अं. ३० वर्षकी विजुला बञ्जारा रहेछन् । उनीहरु तान्द्राङ्ग गाविस-९, काहुलेका रहेछन् । तान्द्राङ्गबाट १०.४५ को समयमा गस्ती बेसक्याम्प फर्कदै थियो । अन्य अवस्थामा बाहेक १२ बजे हाम्रो टोली फर्किसक्छ । हाम्रो २०/२२ जनाको एकक टोली थियो । हाम्रो प्रतिकारात्मक कारवाहीमा उनीहरु मारिएको हुन् । उनीहरुका ढाड र गर्धनमा गोली लागेको थियो । गाउँलेलाई ल्याई देखाउँदा चिन्दैनौं भने । उनीहरु सादा पोसाकमा थिए । पछि झोला खोली हेर्दा उनीहरुको परिचय खुल्यो । गाउँलेको रोहबरमा मुचुल्का गरी लास गाड्ने काम भयो । अर्को एक व्यक्ति बिमारी काकालाई हेरी घरतर्फ कुद्दै आइरहेको हुँदा शंका लागि समातिएको थियो ।

**भाइकृष्ण खत्री**
कर्णेल
दी फेमस दल गण, गोर्खा

पन्द्रुङ गाविसको तीनखण्डेमा मिति २०६२ भदौ ३० गते राती १०.४० बजे घटना भएको हो । राती त्यो क्षेत्रमा हाम्रो Listening Patrol हुने गर्दछ । त्यसरी Patrol मा रहेको सुरक्षाफौजलाई ५ जनाको संख्यामा रहेका माओवादीले सकेट बम प्रहार गरी भाग्दा सुरक्षाफौजको प्रतिकारात्मक कारवाहीमा २ जना मारिएका र ३ जना भाग्न सफल भएका हुन । मारिनेमा विनिता उपनाम भएकी विजुला बञ्जारा र अपेक्षा उपनामकी कल्पना बञ्जारा हुन् । घटनास्थलबाट सुरक्षाफौजले दुई वटा सकेट बम, विभिन्न दस्तावेजहरु र फोटोहरु बरामद गरेको छ ।

**भेट गरिएका अन्य व्यक्तिहरु**

| क्र.स. | नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | निलप्रसाद भट्ट | पन्द्रुङ -८, तीनखण्डे | |
| २ | हस्त बहादुर पाण्डे | ,, | |
| ३ | मुक्तिनाथ पाण्डे | ,, | |
| ४ | लोक बहादुर भट्ट | ,, | |
| ५ | चन्द्रप्रसाद पाण्डे पन्द्रुङ | ,, | |
| ६ | याम प्रसाद भट्ट | तान्द्राङ्ग- ६ ओखले | शिक्षक जन जागृति प्रा वि तीनखण्डे |

## घटना ४
## खरिबोट दोबाटा

घटनाको मितिः २०६२ भदौ ३१
घटना समयः बिहान अं. १० बजे
घटनास्थलः घ्याच्चोक गाविसको दमारा र खरिबोट गाविसको दोबाटा डाँडाको सीमाना दोबाटा
पीडितः सन्तोष उपनामको हर्मी- २ गोरखाका शम्भु थापा मगर, र सुरज उपनामका माओवादी
पीडकः सुरक्षाफौज

**घटनामा पाइएको तथ्य विवरण**

सन्तोष उपनाम गरेका शम्भु थापामगर, सुरज उपनामका एकजना र नाम नखुलेका एक जना गरी ३ जना मिति २०६२ भदौ ३१ गते घ्याच्चोक गाविस तिरबाट लम्जुङ जिल्लाको बिचौरतर्फ जाँदै गर्दा बिहान अं. १० बजेको समयमा दमारा जंगलमा गाई भैंसी पाल्ने गोठमा पुगी दहि किनेर खाई त्यहाँबाट उकालो चढ्दै गर्दा घ्याच्चोक बारपाकतिरबाट आएको सुरक्षाफौजले घेराहाली गोली चलाउँदा २ जनाको घटनास्थलमा नै मृत्यु भएको र १ जना घाईते भई भाग्न सफल भएको पाईयो ।


**घटनास्थलको विवरण**

घटनास्थल डाँडामा रहेको । पूर्वतिर डाँडामुनि घ्याच्चोकको दमारामा रहेको गाईभैंसी पाल्ने गोठ र जंगल रहेको उत्तरतिर जंगल रहेको पश्चिममा जंगल रहेको दक्षिणतिर सिरानडाँडा जंगल रहेको । घ्याच्चोकको दमारा र खरिबोटको सिमानामा रहेको दोबाटाडाँडामा घटना भएको । दोबाटा डाँडादेखि करिब डेढ सय मिटर पश्चिममा मृतकहरुका झोला र सामानहरु जलाइएको र २०० मिटर पश्चिममा लगि दुई ठाँउमा लास गाडिएको पाईयो ।

## घटनाका प्रत्यक्षर्शीहरुको भनाई

**प्रत्यक्षदर्शी**
घ्याच्चोक-७, दोबारस्वाँरा

२०६२ भदौ ३१ गते बिहान ९/१० बजेको समयमा घ्याच्चोक गाविसतिरबाट २२-२५ वर्षका देखिने ३ जना व्यक्तिहरु आए । गोठमा आई दुध मागे । दूध नभएकाले ३ माना दही प्रतिमाना रु. १०/- तिरी खाए । उनीहरु लम्जुङको विचौर जाँदैछौं भन्थे ।  दही खाई गोठबाट पश्चिमतर्फको उकालो जाँदै थिए । हिडाइको क्रममा २ जना अगाडि र एक जना अलि पछाडि रहेका थिए । अगाडि भएका दुई जनाले झोला बोकेका र एकजना खाली हिँडेको थिए । झोला बोक्ने मध्ये एकजनाले कम्ब्याट पाइन्ट लगाएको थियो । उनीहरु निशस्त्र थिए । अगाडि गएका २ जना उकालो चढी दोबाटा उक्लने वित्तिकै गोली चलेको आवाज सुने । सो बेला मैले भैंसै दुही रहेको थिएँ । गोली चलेको सुन्दा उकालोतिर हेर्दा उनीहरु हतारिएको अवस्थामा भ्यागुता झैं चढ्दै गरेको देखेको थिएँ । सेनाले उत्तरतिरबाट करिब १०० मीटर जतिको दुरीबाट गोली चलाएका रहेछन् । सेनाको गोलीबाट अगाडि हिँडेका दुईजना ढलेको देखी पछाडि रहेको एक जना पाखैपाखा भागेको देखेको हुँ । त्यसरी भाग्ने व्यक्ति पानीको कुवा हुँदै भाग्दै गर्दा सेनाले चलाएको गोली देब्रे हातमा लागेको रहेछ । गोली लागेको घाउ बारपाकमा गई घाइतेले देखाएको रहेछ त्यताबाट आउने मानिसले बताएका थिए । उनीहरुलाई मारिसकेपछि हाम्रो गोठमा आई कोदालो मागी दोबोटेमा लास लगी गाडेका हुन् । ३ दिनपछि ७ जना माओवादी आई पुनः कोदाली लगी लास गाडेका हुन् । सेनाले चाहेको भए सजिलै समात्न सक्ने अवस्था थियो । किनकी म पनि अवकाश प्राप्त भारतीय सैनिक हुँ । आर्मीले घाइते भाग्यो हानहान् भनी माइकिङसमेत गरेका थिए ।



**प्रत्यक्षदर्शी**
घ्याच्चोक-५, बाँसपोट

२०६२ भदौ ३१ गते बिहान अंदाजी १० बजेको समयमा म गोठमै रहेको बेला ३ जना आएका थिए । दही किनेर खाए । दही खाई विचौर जान हिँडे । म पानी लिन कुवामा गएको अवस्थामा गोली चलेको हो । त्यही बेला एक जना भागेको पनि देखेँ । सेनाले लखेट्दै आउँदा मलाई समेत नाम, थर सोधे । मैले म यहाँको गोठालो हुँ भने । पछि कोदालो मागी लगेका हुन् । दोबाटेमा २ जनालाई गोली हानी मारेका हुन् । सेनाले मारिएका दुबै जनाको झोलाको सामान निकाली जलाए । केही सामान आर्मीले नै लगे । घटना बिहान १० बजेतिर भएको हो । सेनाहरु कतिबेला कहाँबाट आएर बसेका थिए हामीलाई केही थाहा छैन । करिब १५/२० जना जति आर्मी देखिको थिएँ ।

## सुरक्षा निकायको भनाई

**मन्दिप लिम्बु**
लेफ्टीनेन्ट
संयुक्त सुरक्षाफौज, भच्चेक

बारपाकमा माओवादीको ठूलो चलखेल भएको थाहापाएर २०६२ भदौ ३१ गते सर्चमा गई फर्कदैं थियौं । हामी १५ जना जति थियौं । बिहानको दस–साढे दस बजेतिर दमारामा पुग्दा एरिया बाउण्ड गरेको थाहा पाइ घेराबन्दी गर्‍यौं । माओवादीहरु हामीलाई लक्षित गरी माईनिङ्ग गर्दै थिए । बाटोमा आउँदै गरेका बटुवालाई तलतिरबाटै पठायौं । सुरक्षाफौजलाई लक्षित गरी माईनिङ्ग गर्दै गरेका माओवादी उपर कारवाही गर्दा २४ वर्षीय हर्मी -२ गोरखाका शम्भु थापा मगर र सुरज उपनाम गरेको नाम नखुलेको गरी २ जना मारिएका हुन् । २ जना २ साईडमा मरेका थिए । एक जनाले आर्मीको “पी” क्याप र तल कम्ब्याट लगाएको थियो । घटनामा कोही घाईते पनि भए होलान् । सुरक्षाफौजको कारवाही पछि सर्च गरी हेर्दा २ - ३ वटा झोला पनि फेला परेका थिए । झोलामा परिचय पत्र पनि भेटाएका थियौं ।



**घ्याच्चोक गाविसको दमारा जंगलमा रहेको गोठ जहाँ मृतकहरुले दही किनेर खाएका थिए । गोठदेखि पछाडि रहेको उकालो उक्लिदै गरिरहेको अवस्थामा हत्या गरिएको**

**भाइकृष्ण खत्री**
कर्णेल
दी फेमस दल गण, गोर्खा

सुरक्षाफौजको नियमित गस्ती हुने गर्दछ । नियमित गस्तीको क्रममा २०६२ भदौ ३१ गते खरिबोटको सिस्नेलेकमा बिहान पौने एघार बजेको समयमा गस्ती टोलीलाई लक्षित गरी विद्युतीय धराप विष्फोट गराए । उनीहरु तीन जना थिए । सकेट बम पडकाउँदै भाग्न खोज्दा सुरक्षाफौजको कारवाहीमा दुई जना मारिए एक जना भाग्न सफल भए । मारिनेमा अंदाजी २५ वर्षका शम्भु थापा र अंदाजी २४ वर्षका सरोज रहेका छन् । घटनास्थलबाट ३ वटा सकेट बम, ५ वटा डिटोनेटर र ५ किलोको बाल्टिन बम, आतंककारी दस्तावेजहरु, एल.एम.जि.बोकेका फोटोहरु, हेभिमेसिन गनका कार्टिज बरामद भएका छन् ।

**धिरज प्रताप सिंह**
डि एस पी
जिल्ला प्रहरी कार्यालय, गोरखा

जौबारीको घटनाको सन्दर्भमा जाहेरी परेको छ । अपराधी पत्ता लगाउन हाम्रो अनुसन्धान भइ रहेको छ । आरोपित व्यक्तिहरुलाई पक्राउ गर्ने प्रयास भइ रहेको छ । घटनाको जानकारी भएपछि घटनास्थलमा हाम्रो एक टोली पुगी घटनास्थल तथा लाश प्रकृति मुचुल्का गराएको छ ।

## प्रशासनको भनाई

**तारानाथ गौतम**
प्र जि अ
जिल्ला प्रशासन कार्यालय, गोरखा

हामीलाई सुरक्षा निकायबाट प्राप्त जानकारी अनुसार मिति २०६२ भदौ १६ गते मुच्चोक घर भएकी सुनिता



**मृतकहरुको झोलामा रहेका सामानहरु जलाइएको स्थल**

रम्तेल नाम गरेकी माओवादी कार्यकर्ता सुरक्षाफौजको कारवाहीको क्रममा गाँखु गाविसको नयाँसाँघुमा मुठभेड हुँदा मारिएकी हुन् ।

मिति २०६२ भदौ ३० गते पन्द्रुङ्ग गाविस वडा नं. ८ तीनखण्डेमा सुरक्षाफौज गस्तीमा गएको बेला मुठभेड हुँदा तान्द्राङ्ग -९ काहुलेका विनिता उपनामकी बिजुला बञ्जारा र कल्पना बञ्जारा नामका दुई जना महिला मारिएका हुन् ।

त्यसैगरी भदौ ३१ गते खरिबोट गाविसको दोबाटामा सुरक्षाफौज र माओवादी बीच मुठभेड हुँदा हर्मी बोगटीका शम्भु थापा र लमजुङ्ग तीनपिप्ले गाविस वडा नं. -३ का सुरज उपनामका व्यक्ति मारिएका हुन् । उनीहरु दोहोरो हानाहानमा मारिएका हुन् ।

जौबारीमा मारिएका नवराज थपलियाको हत्याको अनुसन्धान भैरहेको छ । नवराज थपलिया र श्रीकृष्ण थपलियाको बीच धेरै लामो समय देखि जग्गा सम्बन्धी मुद्दा अदालतमा चलिरहेको छ । घटना भएपछि लासको दाहसंस्कारको लागि सुरक्षाफौजको एक टोली पुगेको थियो ।

**भेट गरिएका अन्य व्यक्तिहरु**

दिर्घ सिंह घले वर्ष ७८, घ्याच्चोक -७ दोबारस्वाँरा

## घटनाहरुका सम्बन्धमा माओवादीको भनाई

भदौ १८ गते देखि मंसिर १८ गतेसम्म युद्धविरामको कार्यनीतिलाई धुमिल बनाउन नवराज थपलियाको हत्याको आरोप लगाईएको छ । उक्त हत्या सामाजिक अर्न्तविरोधद्वारा भएको तथ्य छर्लङ्ग छ । यसबारे छानविन गरी दोषी माथि कारवाही गर्न चुनौती दिन्छौ ।

भदौ ३० गते भेटघाटमा जानु भएकी अ ने म संघ (क्रान्तिकारी) गोरखा जिल्ला उपाध्यक्ष बिजुला बञ्जरा



**सन्तोष उपनामका शम्भु थापा र सुरज उपनामका माओवादी कार्यकर्तालाई हत्या पश्चात् गाडिएको स्थल**

(विनिता) र अनेरास्ववियू (क्रान्तिकारी) जिल्ला सह-सचिव कल्पना बञ्जरा (अपेक्षा) निजको मामा घरमा सुतिरहेको अवस्थामा निर्ममतापूर्वक विभत्स हत्या गरिएको हो ।

भदौ १६ गते पार्टी जिल्ला सदस्य सुनिता रम्तेल (रमा) लाई कब्जा गरी गोली हानी हत्या गरिएको हो ।

कामको सिलसिलामा गएका जनमुक्ति सेना नेपालका सुरज र सन्तोषको निशस्त्र अवस्थामा भदौ ३१ गते गोठमा घेराहाली गोली हानी हत्या गरिएको हो ।

## निष्कर्ष तथा सुझाव

घटनाका सम्बन्धमा प्रकाशित सामग्री, स्थलगत अध्ययन र घटनाका प्रत्यक्षदर्शी तथा आफन्तहरू, स्थानीय प्रशासन, सुरक्षा निकायसँग घटनाका सम्बन्धमा गरिएको छलफल तथा सोधपुछ समेतका आधारमा तथ्य सङ्कलन टोली निम्नलिखित निष्कर्षमा पुगेको छ :

सानोटार घटनाका सम्बन्धमा घटनाका प्रत्यक्षदर्शीहरुका अनुसार गाँखु गाविसको सानोटार क्षेत्रमा २०६२ भदौ १५ गते सुरक्षाफौजको सादा पोसाकमा रहेको गस्तीले रमालाई खोजी गरेको थियो । १६ गते बिहान अं. ४.३० बजेको समयमा पुनः गाउँमा सोधपुछ गर्दै खोजिरहेको समयमा ४.४५ बजे रमालाई जम्काभेटमा फेला पार्दा समाती दुईपटक गोली प्रहार गरी हत्या गरिएको र एक जना भाग्न सफल भएको पाईयो ।

जौबारी घटनाका सम्बन्धमा घटनाका प्रत्यक्षदर्शीहरुका अनुसार मिति २०६२ साल भदौ २६ गते बिहान ६.३० बजेतिर बाखालाई उन्नत जातको बोका लगाउन श्रीनाथकोट गाविसको गोहोरे तिर जाँदै गर्दा घर नजिकै खेतको पुच्छारमा पर्ने बाटो र महबीर खोलाको डिलको बीचमा नवराज थपलियाको हत्या गरिएको पाइयो । नवराज थपलिया र उनको दाजु श्रीकृष्ण थपलियाको बीचमा धेरैलामो समयदेखि अंश जग्गा सम्बन्धी विवाद र मुद्दा रहेको र श्रीकृष्णको काईलो छोरा इश्वर थपलिया माओवादी गतिविधिमा रहेको पाइयो । नवराजलाई ३ पटक सम्म माओवादीले अपहरण गरेकोमा घटना भएकको समयमाघरमा आएको अवस्था थियो । गाउँले तथा परिवारका अनुसार लास तीन दिन पछि गाडिएको अवस्थामा फेला पारे । लास फेला पार्न नसक्ने गरी व्यवस्थित रुपमा गाडिएको थियो । पारिवारिक जग्गा सम्बन्धी विवादका कारण घटनामा मृतकका दाजु श्रीकृष्ण थपलिया, उनको जेठो छोरा जयराम भन्ने यादव थपलिया, साईलो छोरा सुदर्शन थपलिया र काईलो छोरा इश्वर थपलिया समेतको संलग्नता रहेको भनिएको छ । घटनाका सम्बन्धमा माओवादीहरुले टोलीलाई दिएको प्रतिक्रिया र गाउँलेलाई दिएको जानकारी अनुसार इश्वर थपलियाको घटनामा संलग्नता जनाइएको छ तर उसको संलग्नता व्यक्तिगत रिसईवीका कारण भनिएको छ । पार्टीको जिम्मेवारिता नभएको जनाईएको छ तापनि इश्वर थपलिया माओवादीको जिम्मेवार कार्यकर्ता भएकाले उसले गरेको कार्यको जिम्मेवारीबाट पार्टी पन्छिन पाउने अवस्था रहदैंन ।

तीनखण्डेको घटनाका सम्बन्धमा प्रत्यक्षदर्शी तथा मृतकका आफन्तका अनुसार बिजुला बञ्जारा र कल्पना बञ्जारा मिति २०६२ भदौ ३० गते साँझ अं. ६ बजेतिर बिजुला बञ्जाराको माईती घर पन्द्रुङ गाविस वडा नं. ९ राम्चेबाट घर तान्द्राङ्ग गाविस वडा नं. ९ काहुले जान भनी हिँडेका थिए । राम्चेबाट काहुले पुग्दा अं. १/१.३० घण्टामा पुगिन्छ । ८.३० बजेको समयमा सुरक्षाफौज पन्द्रुङ गाविस वडा नं. ८ तीनखण्डेमा गस्तीमा गएका थिए । गस्तीको क्रममा चुडामणि धिताल र लोकप्रसाद भट्टको घरमा पुगी खानतलास गरे । चुडामणि धिताल मृतक कल्पना बञ्जाराको मामा हुन् । राती १०.४५ बजेको समयमा तीनखण्डेको पैरेमा गोली चल्यो । तान्द्राङ्ग गाविस वडा नं. ९ काहुले घरभएका बिजुला बञ्जारा र कल्पना बञ्जारा गरी २ जना महिला मारिए । घटनास्थलको प्रकृति र प्रत्यक्षदर्शीले देखेको लासको प्रकृति र भनाई अनुसार उनीहरुको मृत्यु मुठभेडमा भएकोमा टोली विश्वस्त हुने अवस्था देखिएन ।

खरिबोट दोबाटा घटनाका सम्बन्धमा प्रत्यक्षदर्शीको भनाई अनुसार सन्तोष उपनाम गरेका शम्भु थापामगर, सुरज उपनामका एकजना र नाम नखुलेका एक जना गरी ३ जना मिति २०६२ भदौ ३१ गते घ्याच्चोक गाविस तिरबाट लम्जुङ जिल्लाको विचौर तर्फ जाँदै गर्दा बिहान अं. १० बजेको समयमा दमारा जंगलमा गाई भैंसी पाल्ने गोठमा पुगी दहि किनेर खाई त्यहाँबाट उकालो चढ्दै गर्दा घ्याच्चोक बारपाकतिरबाट आएको सुरक्षाफौजले घेराहाली गोली चलाउँदा निशस्त्र २ जनाको घटनास्थलमा नै मृत्यु भएको र १ जना

घाईते भई भाग्न सफल भएको पाईयो । उक्त घटनामा सुरक्षाफौजले मृतकहरुलाई सहजै रुपमा समात्न सक्ने परिस्थिति हुदाँहुँदै पनि नसमाती गोली प्रहार गरी हत्या गरिएको पाईयो ।

उल्लिखित घटनाहरुमा मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को धारा ३, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तरार्ष्ट्रिय प्रतिज्ञा पत्र १९६६ को धारा ६ तथा  नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ (१) अर्न्तगत प्रत्याभूत बाँच्न पाउँने अधिकारको र मृत्युदण्ड नदिइने अधिकारको पूर्ण रूपमा उल्लङ्घन भएको छ । त्यसैगरी कानुन बमोजिमबाहेक कसैको ज्यान लिन पाईदैंन भन्ने मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं.को व्यवस्थाको पनि पूर्ण रूपमा उल्लंघन भएको छ ।

सानोटार, तीनखण्डे र खरिबोट दोबाटामा भएको घटनामा सुरक्षाफौजले निशस्त्र व्यक्तिहरुलाई गोली हानी हत्या गरिएकोले लडाइँमा प्रत्यक्ष संलग्न नरहेका व्यक्तिहरुको जीवन तथा शरीर विरूद्ध हिंसा गर्ने कार्य गरेकाले त्यस्ता कार्य निषेधित गर्ने जेनेभा महासन्धिको साझा धारा ३ को पूर्ण रूपमा उल्लंघन गरेको छ । मानवअधिकार सन्धि अनुगमन समन्वय समिति श्री ५ को सरकारसँग उक्त घटनाको छानवीन गरी सुरक्षा कारवाहीमा संलग्न दोषी उपर कारवाहीको माग गर्दछ ।

सुरक्षाफौजले द्वन्द्वरत पक्ष विरुद्धको कारवाहीमा जेनेभा महासन्धिलाई पुर्णरुपमा पालना गर्न आग्रह गर्दछ । निशस्त्र अवस्थामा रहेका द्वन्द्वरत पक्षहरुलाई पक्राउ गरी हत्या गर्ने कार्य तत्काल रोक्न पनि आग्रह गर्दछ । त्यसै गरी घटनाहरुमा पक्राउ गर्न सक्ने अवस्था विद्यमान हुँदाहुँदै हत्या गरिएको पाईएकाले हत्या गर्ने कार्य नगरी पक्राउ गरी कानुनी कारवाही चलाउन समेत आग्रह गर्दछ ।

जौबारीमा गरिएको नवराज थपलियाको हत्या सम्बन्धमा अनुसन्धान गरी घटनामा संलग्नहरुलाई पक्राउ गरी अपराधिलाई कानुनबमोजिम सजाय गर्न समेत माग गर्दछ ।